पञ्चपुरी नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

**बावियाचौर सुर्खेत**

**कर्णाली प्रदेश नेपाल**

<u>**स्वयंसेवी गणक छनौट सम्बन्धी सूचना ।**</u>

<u>प्रथम पटक प्रकाशित मितिः- २०७९/०२/२७</u>

प्रस्तुत बिषयमा यस नगरपालिकामा एकिकृत वस्तुस्थिति विवरण संकलन गर्ने कार्यका लागि स्वयंसेवी गणक छनौट गर्नुपर्ने भएको हुँदा तपसिलका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले सात दिनभित्र नगरपालिकाको कार्यालयको प्रशासन शाखामा आवेदन दिनुहुन यस कार्यालयको मिति २०७९/०२/२७ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

*तपसिलः-*

**क.पदको विवरणः-**

- विज्ञापन नं.- १०-२०७८/०७९
- पदः- स्वयंसेवी गणक
- माग पद संख्याः- २२ (बाईस) जना।

**ख.न्यूतम योग्यताः-**

- प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,
- ईन्टरनेट सम्बन्धी ज्ञान भएको,
- युनिकोडमा नेपाली टाइपिङ गर्न सक्ने,
- आफ्नो एन्ड्रोइड वा स्मार्ट फोन वा ट्यावलेट वा ल्यापटप भई चलाउन सक्ने क्षमता भएको ।

**ग.दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरुः-** देहायको प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वयंले प्रमाणित गरि दरखास्त साथ पेश गर्नु पर्नेछ,

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- स्थानीय बासिन्दाको हकमा नागरिकता/ विवाहदर्ता / बासईसराई दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित पदको लागि न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- नगरपालिकाको कार्यालयको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद,
- कार्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

**घ. उमेरको हदः-** दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनु पर्नेछ ।

**ङ. दरखास्त दस्तुरः-** रु. ३०० (तीन सय) मात्र ।

**च. सेवा सुविधाः-** गाउँ/ नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ अनुसार आपसी समझदारीमा रहने गरि उपलब्ध गराईनेछ ।

**छ. दरखास्त फाराम पाइने स्थानः-** यस कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेभसाईट www.panchapurimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।रितपूर्वक दरखास्त फाराम भरि कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुगी तथा म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

**ज. दरखास्त बुझाउने अन्तिम मितिः-** २०७९/०३/०२ गते कार्यालय समयसम्म । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्टसम्म ।

**झ. परीक्षाको किसिमः-** अन्तर्वार्ता ।

**ञ. अन्तर्वाता मितिः-** २०७९/०३/०३ गते ।

प्रमुख प्रशासकीय अधिकृत

*नोटः- प्रत्येक वडामा २/२ जनाको दरले आवश्यकता रहेको र सम्बन्धित वडाको आवेदकलाई प्राथमिकता दिइनेछ ।*

रोमाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत